# ७ पापमाथि विजय

***यस अध्यायका मूल पदहरू:*** रोमी ६, १ यूहन्ना १:८-२:१।

***यस अध्यायको मूल सार पद:*** "पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ।" (रोमी ६:१४बाट रूपान्तरित)।

हाम्रो कुनै धर्मकर्म वा परमेश्वरको आज्ञा पालन नगरिकनै हामी विश्वासद्वारा निर्दोष ठहरिन पुग्छौं भनेर पावलले प्रचार गरेका थिए) । अनि यसबाट स्पष्ट रूपमा निस्कने प्रश्नको जवाफ दिन अघि भन्दछन्: यदि हाम्रो असल कामले हामीलाई मुक्ति दिंदैन भने किन असल काम गर्ने त? अनुग्रहले मात्र हामी मुक्ति पाउँछौं भने पाप गर्दै जाऔं, हुन्न र?

यो महत्वपूर्ण प्रश्नको जवाफ पावलले रोमी ६ अध्यायमा दिन्छन्। अघिल्लो अध्यायमा हामीले हेऱ्यौं हामी कसरी परमेश्वरको सामु निर्दोष र धर्मी ठहरिन्छौं। अब यस अध्यायमा हामी यो हेर्न गइरहेकाछौं, यदि हामी परमेश्वरको सामु निर्दोष र धर्मी ठहरियौं भने हाम्रो जीवन कस्तो हुनुपर्दछ। परमेश्वरले निर्दोष सावित गर्नुभएको जीवनलाई साधारणतया बुझ्ने भाषामा पवित्रकरण तथा अंग्रेजीमा sanctification अर्थात् सान्टिफिकेशन भनिन्छ। पापमाथि विजय पाउँदै जब हामी येशूको चरित्रलाई झन झन प्रतिबिम्बीत गर्छौं तब त्यस प्रक्रियालाई पवित्रकरण भनिन्छ। यो झुटा रोमीको पुस्तकमा दुई पल्टमात्र देखा पर्छन्। तर रोचक त यो छ, यो शब्द आफै रोमीको पुस्तकमा पाइदैन् तर ग्रीक भाषाको झुटा *hagiasmos* हगियास्मोसलाई ६:१९,२०मा पावलले प्रयोग गर्छन्। रोमी ६। यस पदको अर्थ पवित्र अर्थात् चोखो हो। अङ्ग्रेजी भाषामा यसलाई "पवित्रता" (“holiness.”) भनेर ती दुई पदहरूमा देखा परेका छन्।

यसको अर्थ के पावलले साधरणतया बुझ्ने भाषामा प्रयोग गरिएको पवित्रकरणसँग इसाई जीवनको केही सरोकार छैन भनेर भन्न खोजेको हो त? विश्वास गरे पुगिहाल्छ नि पवित्र जीवनसँग किन चासो राख्ने भनेर पावलले सिकाउन खोजेका हुन् त? कदापी होइन।

बाइबलको अन्य भागहरूमा प्रयोग गरिएको शब्द, "पवित्र हुनु, शुद्ध हुनु, चोखो पारेर बस्नु"को अर्थ "समर्पित जीवन" हो। यो समर्पित जीवन प्रायजसो परमेश्वरमा रहेको भन्ने जनाउँदछ । यसकारण पवित्र हुनु भनेको यो यस्तो प्रक्रिया हो जो भइसकेको भन्ने जनाउँछ, कुनै भविष्यमा हुने कुरा होइन। "सबै जना जो पवित्र पारिएकाहरू" भनेर पावलले विश्वासीहरूको बारेमा प्रेरित २०:३२मा भनेको पाउँछौं। पवित्र जीवन बिताउनेहरूले आफ्नो जीवन परमेश्वरमा समर्पण गरिसकेका हुन्छन् भनेर पावलले व्याख्या गर्न खोजेका थिए।

तर बाइबलमा पवित्र हुनु भनेर प्रयोग गरिएको शब्दले पवित्रकरणको गरिमामय शिक्षालाई अवमूल्यन गर्दैनन्। फेरि पवित्रकरण प्रक्रिया एक दिनको होइन, तर जीवनको सेरोफेरोमा पूरा गर्दै जाने प्रक्रिया हो भनेर पनि बाइबलले देखाउन खोजेको छ। मानिसले पवित्र जीवन यापन गर्नुपर्छ भनेर बाइबलले कडा रूपमा समर्थन गरेको पाउँछौं। तर यो जीवनलाई केवल पवित्र भन्ने मात्र शब्दलाई प्रयोग नगरेर अरू शब्दहरू पनि प्रयोग गरेर उक्त धारणालाई बुझाउन खोजेको छ।

विश्वासद्वारा पाउने मुक्तिको अर्को पक्ष यस अध्यायमा अध्ययन गर्नेछौं। यो पक्षमा मानिसहरू धेरै नै अलमलमा परेको पाउँछौं। येशूलाई ग्रहण गरेपछि हामी निर्दोषी जीवन यापन गर्दछौं र त्यसको निम्ति प्रत्येक येशूभक्तलाई पापमाथि बिजय प्राप्त गर्ने वाचाहरू उहाँले दिनुहुन्छ भनेर यस अध्यायको विषयवस्तुमा हामी छलफल गर्नेछौं।

## १. जहाँ पाप प्रशस्तमात्रामा भयो

रोमी ५:२०मा पावलले अत्यन्त प्रभावशाली धारणा राख्दछन्: "जहाँ पाप बढ्यो, त्यहाँ परमेश्वरको अनुग्रह झन धेरै मात्रामा बढ्यो।"(रूपान्तरित)। यसलाई गलत ढंगमा सजिलैसँग लिन सकिन्छ किनभने यस कथनलाई आधार मानेर कतिले भन्छन्, "त्यसो भए मैले धेरै पाप गरेपनि हुन्छ किनभने परमेश्वरको अनुग्रहको भल ममाथि आइहाल्छ नि।" तर पावलले यो भन्न खोजेको होइन। पाप जतिसुकै प्रवल वा धेरै भएतापनि, र त्यसको भयंङ्कर दुष्परिणाम जे भएतापनि, परमेश्वरको अनुग्रह हामीलाई प्रशस्त मात्रामा उपलब्ध भएकोले त्यस पापसँग उचित रूपमा सामना गर्न सक्छौं भनेर पावलले जिकिर गर्दछन्। यो तर्कले हामी सबैलाई उच्च आशामा

डोऱ्याउनुपर्दछ। कतिपटक हामी भन्छौं, " म अत्यन्त पापी छु। म परमेश्वरबाट टाढा भएको छु। म हराएको व्यक्ति हुँ। मेरो जीवनको सार्थकता अब छैन।" तर जतिसुकै भयङ्कर पापको खाल्डोमा परेपनि परमेश्वरले क्षमा दिननसक्ने पापमा परेकाछैनौं भनेर हामी ढुक्क हुनुपर्दछ। पापले मानिसलाई मृत्युमा डोऱ्यायो भनेर पावलले रोमी ५:२१मा भन्दछन्। तर येशूद्वारा पाइएको परमेश्वरको अनुग्रहले गर्दा मृत्यु पराजित हुन पुगेको छ र हामीलाई अनन्त जीवन उपलब्ध गराइएको छ। (यसको अर्थ मृत्यु केवल क्षणिक लोडशेडिङ्गमात्र हुनपुग्छ)।

**मानिसहरू भ्रममा नपरुन भन्ने पावलको चाहना छ। "पाप जति गरेपनि परमेश्वरले क्षमा दिइहाल्नुहुन्छ भन्ने" तर्कलाई पावलले असहमति जनाउँछन्। हेर्नुहोस् रोमी ६:१,२:"अब हामी के भनौं? के अनुग्रह प्रशस्त मात्रामा होस् भनेर हामी पापमा लागिरहन्छौं त? त्यस्तो कदापी नहोस्..."। इसाईं भयौं भनेर अब स्वतन्त्र भयौं र नैतिक दायरामा बस्नु आवश्यक छैन भन्ने गलत सोचाईलाई पावलले रोमी ६:२-११मा कसरी जवाफ दिन्छन्? हेर्नुहोस्: "२ त्यसो नहोस्! हामी जो पापको लेखि मऱ्यौं, त कसरी हामी अझै त्यसैमा जिउनु? ३ के तिमीहरू जान्दैनौ हामी सबै, जतिले ख्रीष्ट येशूमा बप्तिस्मा लियौं, उहाँकै मृत्युमा बप्तिस्मा लिएका थियौं? ४ यसकारण बप्तिस्माद्वारा हामी मृत्युमा उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिंड़ौं। ५ यदि उहाँको मृत्युमा हामी उहाँसँग एउटै भएका छौं भने, उहाँको पुनरुत्थानमा पनि निश्चय नै हामी उहाँसँगै एक हुनेछौं। ६ हामी जान्दछौं कि हाम्रो पुरानो मनुष्यत्व उहाँसँग क्रूसमा टाँगियो, ताकि हाम्रो पापमय शरीर नाश होस्, र अब उसो हामी पापका कमारा नहोऔं। ७ किनभने जो मरेको छ त्यो पापबाट मुक्त भएको छ। ८ तर यदि हामी ख्रीष्टसँग मरेका छौं भनेता उहाँसँग जिउने पनि छौं भन्ने विश्वास गर्दछौं। ९ हामी जान्दछौं कि ख्रीष्ट मरेकाहरूबाट जीवित भएर फेरि मर्नुहुनेछैन। अब उसो उहाँमाथि मृत्युको राज्य हुँदैन। १० जुन मृत्युमा उहाँ मर्नुभयो त्यो पापको लेखि सधैंको लागि एकै पल्ट मर्नुभयो। तर जुन जीवनमा उहाँ जिउनुहुन्छ, त्यो परमेश्वरको निम्ति जिउनुहुन्छ। ११ यसै गरी तिमीहरूले पनि आफू-आफूलाई पापको लेखि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएका ठान्नुपर्छ। १२ यसकारण शरीरका अभिलाषाअनुसार चल्नु नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदेओ।"**

निर्दोष सावित भएको मानिसले पाप गर्नुहुन्न भनेर पावलले स्पष्ट रूपमा रोमी ६मा तर्क गरेको विषय रोचक मान्नुपर्दछ। हाम्रो निम्ति पाप मरिसकेकोले हामीले पाप गर्नु उचित छैन भनेर पावलले भन्दछन्। यसको अर्थ के हो भनेर उनले अझ स्पष्ट पार्दछन्।

पानीमा वप्तिस्मा लिनुको अर्थ चिहानमा गाडिएको हो। के गाडिन्छ त? पापले ग्रसित पुरानो मानिस पानीमा गाडिएको हो। पुरानो मानिस भनेको हाम्रो त्यो जीवन हो जसलाई पापले पूर्ण रूपमा नियन्त्रण गरेको हुन्छ। जब मानिसले पानीमा बप्तिस्मा लिन्छ त त्यस मानिसको पापको शरीर नाश हुन्छ। यसको फलस्वरुप त्यस मानिसले अब पापको सेवा गर्दैन वा पापी स्वभावको चाहनामा चल्दैन। पाप भनेको आफ्ना दासहरूलाई शासन गर्ने मालिक हो भनेर रोमी ६मा पावलले पापको बारेमा चित्रण गर्दछन् ।जब पापको शरीरलाई नाश गरिन्छ तब पापले त्यस मानिसलाई नियन्त्रण गर्ने अधिकार हुँदैन। जब पानीको चिहानबाट मानिस माथि निस्कन्छन् तब त्यो मानिस नयाँ मानिस अर्थात् नयाँ चोला लिएर यस संसारमा फेरि प्रवेश गरेको हुन्छ। त्यस नयाँ परिवर्तित वा आमूल परिवर्तन मानिसले अब पापको पक्षमा उभिँदैन र त्यसको सेवा पनि गर्दैन, किनभने ऊ अब नयाँ जीवन वा पुनर्जन्म पाएर हिँडेको हुन्छ।

प्रभु येशू एक फेरा मात्र सबैको निम्ति मर्नुभयो। तर अहिले उहाँ सदासर्वदा जीवित हुनुहुन्छ। मृत्युले उहाँमाथि अब कहिल्यै पनि रजाइँ गर्न सक्दैन। यसरी नै बप्तिस्मा लिएको इसाई, सदासर्वदा पापमा मरिसकेको हुन्छ। उनलाई अब पापले कहिल्यै पनि नियन्त्रण गर्न सक्दैन। निःसन्देह हामी सबैलाई थाहा छ, हामी पानीबाट निस्कने बित्तिक्कै हाम्रो जीवनबाट पाप स्वतः अलप हुदैन्। हामी पापको नियन्त्रणमा छैनौं भन्दैमा पापसँग संघर्ष गर्नुपर्दैन भनेको होइन। (हरेक क्षण हाम्रो परीक्षणको समय हुन जान्छ)। क्षण क्षणमा, दिनदिनै हामी पापमा मरिसकेका छौं र येशूमा जीवित भइरहेका छौं भन्ने मनस्थिति बोकिरहनुपर्दछ। हामी कस्को पक्षमा खडा भइरहेकाछौं भन्ने सोचाइले निरन्तरता पाउनुपर्दछ)। विजयको वाचा हामीलाई दिइएको छ। तर त्यस बाचालाई विश्वासद्वारा हाम्रैलागि हो भनेर दावी गर्नुपर्दछ। विभिन्न कारणबस हामी पापमा पर्दा पनि परमेश्वरको अनुग्रहले गर्दा पापसँग लड्नु आवश्यक नभएको भनि हामीले ठान्नुपर्छ।

"उपर्युक्त धारणामा प्रेरित पावलका वचनहरूको अर्थ स्पष्टरूपमा बुझ्न सक्छौं। निचोडमा उनले भन्न खोजेको यो होः १. पापको मामिलामा हामी मरिसकेका छौं। २. अब हामी परमेश्वरको निम्ति बाँच्दछौं। हामीहरूको पापमय शरीर पापैमा फसिरहेतापनि हामी पाप र त्यसको नियन्त्रणमा रहन आत्मसमर्पण गर्दैनौं। हामीहरू यस सांसारिक भौतिक शरीरमा रहुञ्जेल गलाती ५:१६,१७मा बताइए अनुसार पाप हामीमा रहिरहन्छः "१६ तर म भन्दछु, पवित्र आत्माद्वारा हिंड़, र पापमय स्वभावका लालसा पूरा नगर। १७ किनकि पापमय स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पापमय स्वभावको विरुद्ध। तिमी जे गर्न चाहन्छौ त्यसबाट तिमीहरूलाई रोक्नका निम्ति यीचाहिँ एक-अर्काको विरुद्धमा हुन्छन्।" त्यसकारण सबै प्रेरित र सन्तहरूले यो स्वीकार गर्दछन् कि पाप र त्यसले हामीलाई नियन्त्रण गर्ने प्रवल चाहना त्यसबेलासम्म रहिरन्छ जबसम्म हामीहरूको शरीर खरानीमा परिणत हुँदैन। अनि (येशूको आगमनमा) हामीहरू नयाँ महिमित शरीरमा पुनरुत्थान हुनेछौं। त्यसबेला हामी पाप र त्यसको कुनै पनि नियन्त्रणबाट स्वतन्त्र हुनेछौं।"-मार्टिन लुथर, कमेन्टरी अन रोमनस्, पृ. १००बाट रूपान्तरित।

## २. जब पापले शासन गर्दछ

**रोमी ६:११,१२मा पावलले पापलाई यसरी चित्रण गरेका छन्: " आफू-आफूलाई पापको लागि मरेका, तर ख्रीष्ट येशूमा परमेश्वरको लागि जीवित भएको तिमीहरूले ठान्नुपर्दछ।यसकारण शरीरका अभिलाषा अनुसार चल्नु नपरोस् भनी तिमीहरूका मरणशील शरीरमा पापलाई राज्य गर्न नदिओ।(रूपान्तरित)" पापले हामीलाई के गर्न दिनुहुन्न भनेर पावलले हामीलाई यहाँ सम्झाइरहेकाछन्?**

"राज्य गर्न नदिनु" भन्ने शब्दलाई रोजेर पाप भनेको "राजा" वा "राजाले जस्तै काम गर्ने" तत्व हो भनेर पावलले चित्रण गरेको पाउँछौं। ग्रीक भाषाबाट अनुवाद गरिएको "शासन"को अक्षरस अर्थ "राजा हुनु" वा "राजाले जस्तै शासन चलाउनु" हो। राजाले जस्तै हाम्रो नश्वर वा मरणशील शरीरलाई पापले राज्य गर्न चाहन्छ। हाम्रो प्रत्येक सोचाइ र पाइला पाइलामा त्यस तत्वले नियन्त्रण गर्न चाहन्छ।

"पापले तिमीहरूलाई रजाइँ गर्न नदिनु" भनेर पावलले हामीलाई चुनौति दिन्छन् । परमेश्वरको सामु निर्दोष भएको मानिसले पापलाई अब

आफ्नो जीवनको राजा नबनाउन सकिन्छ भनेर पावलले स्पष्ट गराउन खोजेका छन्। यसैमा हाम्रो आत्मनिर्णयलाई कसरी परिचालन गर्ने भन्ने कुरालाई हाम्रो सामु चुनौतीको रूपमा खडाभएको पाउँछौं।

"चाहना वा इच्छा वा आत्मनिर्णयको सही शक्तिलाई तपाईंले बुझ्नु अत्यन्त आवश्यक छ। यो तपाईंको मानवीय स्वभावलाई नियन्त्रण गर्ने शक्ति हो। जीवनमा तपाईंले कसलाई रोज्नुहुन्छ, केलाई रोज्नुहुन्छ, के निर्णय गर्नुहुन्छ भन्ने कुराहरूमा यस शक्तिले प्रभाव पारिरहेको हुन्छ। सबै कुराहरू तपाईंको उचित तथा ठीक निर्णयमा भर पर्दछ। प्रत्येक पुरुष र महिलालाई यो आत्मनिर्णयको शक्ति परमेश्वरले नै प्रत्येक मानिसको चेतनामा राखिदिनुभएको हो। यसलाई परिचालन गर्ने वा नगर्ने तपाईंकै हातमा छ। तपाईंको हृदयलाई तपाईंले परिवर्तन गर्न सक्नुहुन्न। हृदयको आफ्नै अभिरुची वा चाहनालाई परमेश्वरमा तपाईं आफैले दिनसक्नुहुन्न। तर तपाईंले उहाँको सेवा गर्न रोजन सक्नुहुन्छ। तपाईंको इच्छा वा चाहनालाई परमेश्वरमा समर्पण गर्न सक्नुहुन्छ। जब परमेश्वरलाई तपाईंले तपाईंको जीवनमा काम गर्न दिनुहुन्छ तब उहाँको आफ्नो असल इच्छा अनुसार उहाँले तपाईंलाई परिचालन गर्नुहुन्छ। अनि, तपाईंको सम्पूर्ण मानव स्वभाव येशूको आत्माको नियन्त्रणमा हुन्छ। तपाईंको चाहना, इच्छा वा आकर्षणहरूका केन्द्रविन्दु येशू हुन आउनुहुन्छ। तपाईंको बिचार र उहाँको बिचारमा तालमेल भएर उहाँसँग एकताको सुत्रमा तपाईं गाँसिन पुग्नुहुन्छ। "-एलेन जी ह्वाइट, *स्टेप्स टू क्राइष्ट,* पृ. ४७बाट रूपान्तरित।

रोमी ६:१२मा उल्लेख गरेका ग्रीक अर्थात् युनानी "अभिलाषा" शब्दको अर्थ "चाहना वा इच्छा" हो। यो चाहना कि त असलको निम्ति वा खराबको निम्ति हुनसक्छ। जब हाम्रो जीवनमा पापले रजाईं गर्छ तब हाम्रो चाहना वा इच्छा खराब हुनसक्छ। हाम्रै शक्तिले त्यसको खिलाफमा लड्दा त्यो सक्तिशाली भएको हामी पाउँछौं। यसले गर्दा "हुन्न" वा "नाईं" भन्न मुश्किल हुन जान्छ। पाप निरंकुश शासक हो। आफूसँग भएको कुरालाई ऊ कहिल्यै पनि सन्तुष्टि हुँदैन। यसले जहिले पनि अझ बढिको चाहना गर्दछ। अलिकतिमा संतुष्ट नभएकोले धेरै धेरैको निम्ति फर्केर आइरहेको हुन्छ। यस जिद्दीवाल तथा हठी शासकलाई पराजय गर्न हामी विश्वासमा दऱ्हो हुनुपर्दछ र परमेश्वरका प्रतिज्ञाहरूलाई दावी गरि नै रहनुपर्दछ।

रोमी ६:१२को "त्यसकारण" भन्ने शब्द अत्यन्त महत्वपूर्ण मान्नु पर्दछ। यस शब्दले विशेष गरेर पद १० र ११मा उल्लेख गरेका वाक्यहरूमा हामीलाई फर्काउँछन्। पद १०मा भनिएको छः "जुन मृत्युमा उहाँ मर्नुभयो त्यो पापको लेखि सधैंको लागि एकै पल्ट मर्नुभयो। तर जुन जीवनमा उहाँ जीउनुहुन्छ, त्यो परमेश्वरको निम्ति जीउनुहुन्छ।" बप्तिस्मा लिएको मानिस अब येशूले जस्तै परमेश्वरमा जीउँद्छ। यसको अर्थ त्यस व्यक्तिको नयाँ जीवनको केन्द्रविन्दु परमेश्वर नै हुन जान्छ। त्यस व्यक्तिले परमेश्वरलाई सेवा गरिरहेको हुन्छ। परमेश्वरलाई प्रसन्न पार्ने कुरामा त्यो महिला वा पुरुष लागेको हुन्छ। यस्तो परिस्थितिमा आफूलाई पर्न दिंदा त्यस व्यक्तिले परमेश्वरको साथसाथै पापको सेवा गर्न सक्दैन। किनभने मानिस परमेश्वर र पापको स्वामित्वमा एकै चोटी रहनसक्दैन। तर येशूद्वारा परमेश्वरमा पुनर्जीवित भएर आफूलाई समर्पण गर्न दिइयो भने चाहे पुरुष वा चाहे महिला, त्यो उहाँकै मार्ग निर्देशनमा चलेको हुन्छ।

**यस बुँदामा उल्लेख गरिएको एलेन जी ह्वाइटको वाक्य फेरि हेर्नुहोस्। आत्मनिर्णय भन्ने तर्क कस्तो महत्व रहेछ, सो नियाल्नुहोस्। नैतिक चरित्र भएको मानिस भएकोले हामीमा आत्मनिर्णयको अधिकार हुनुपर्दछ। के ठीक के वेठीक, असल वा खराब, येशू वा संसारका अभिलाषा आदि, सो रोज्ने अधिकार वा शक्ति हामीमा छ। अबको २४ घण्टामा तपाईंले पाउनुभएको स्वतन्त्र इच्छालाई नैतिक रूपमा कसरी चलाई रहनुभएको छ सो कुरामा ध्यान दिनुहोस्। परमेश्वरको यस पवित्र बरदान वा उपहारलाई तपाईंले कसरी परिचालन गरिरहनुभएको छ वा दुरुपयोग गरिरहनुभएको छ? त्यसबाट तपाँईले के सिक्नुहुन्छ?**

## ३. व्यवस्थाको होइन तर अनुग्रहको अधीनमा

**"किनकि पापले तिमीहरूमाथि राज्य गर्नेछैन, किनकि तिमीहरू व्यवस्थाको अधीनमा छैनौ, तर अनुग्रहको अधीनमा छौ।" रोमी ६:१४मा उल्लेखित यस भनाईलाई हामीले कसरी बुझ्ने? यसको अर्थ के दश आज्ञाहरू अब निलम्वन भए त? यदि छैन भने, किन छैनन्?**

सेभेन्थ-डे एडभेन्टिस्टसँग सहमत नहुने विभिन्न इसाई सम्प्रदाय वा चर्चहरूले यस पदलाई हतियारको रूपमा प्रयोग गरेर साबथको पालनालाई अबमूल्यन गरेको हामी पाउँछौं। उनीहरूले भन्छन्, "हेर पावलले स्पष्ट रूपमा

भनेका छन् हामी व्यवस्थाको अधीनमा नभएकोले सावथ दिनको पालनासँग हाम्रो अब सरोकार छैन।"

यस पदले स्पष्ट रूपमा त्यही भनीरहेको छ त? हामीले अघि नै भन्यौं यदि व्यवस्था वा परमेश्वरको दश मौलिक आचारसंहितालाई हटायौं भने पापको सेरोफेरोमा हामी छौं भनेर कसरी भन्ने? किनभने त्यही परमेश्वरको दश आज्ञाले नै पाप भनेको के हो भनेर त्यसको परिभाषा गरेको हामी पाउँछौं। पापको बारेमा पावलले रोमी ६ अध्यायदेखि अघिका अध्यायहरूमा पापको अस्तित्वको बारेमा कडा चर्चा गरेका थिए। अब आएर अचानक पावलले "अब नैतिक व्यवस्था अर्थात् दश आज्ञाहरू जसले पाप के हो भनेर पापको परिभाषा दिन्छ, त्यो खतम भयो" भनेर भन्दा के त्यो मनासिव देखिन्छ र?

जो मानिस व्यवस्था अर्थात् यहूदी धार्मिक प्रणालीमा रहन्छ त्यो व्यक्ति पापको अधीनमा हुन्छ भनेर पावलले भन्न खोजिरहेको हामी पाउँछौं। ती यहूदी धार्मिक नीतिनियमहरूमा कतिपय मानिसहरू आफैले सिर्जना गरेका थिए। तर जब कोहि व्यक्ति अनुग्रहको अधीनमा छ भने उसले पापमाथि विजय प्राप्त गरेको हुन्छ। किनभने परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूलाई उसको वा उनको हृदयमा कुँदिएको हुन्छ। उसको वा उनको जीवनको कदममा परमेश्वरको आत्माले परिचालन गर्न दिएको हुन्छ। यसको अर्थ येशूलाई मसीह वा उद्धारकर्ताको रूपमा त्यस व्यक्तिले स्वीकार गरेको हुन्छ। यसको अर्थ येशूले त्यस व्यक्तिलाई निर्दोष सावित गराइसक्नु भएको हुन्छ। यसको अर्थ त्यो व्यक्ति बप्तिस्माको प्रक्रियाद्वारा येशूको मृत्युमा आफू पनि सामेल भइसकेको देखाउँछ। यसको अर्थ पुरानो मानिस वा पुरानो जीवन नाश गरेको हुन्छ। यसको अर्थ जीवनको नयाँ मोड वा नवजीवनको जीवनमा बिउँतेर त्यस व्यक्ति अघि बढेको हुन्छ। त्यस व्यक्तिको जीवनबाट यी कुराहरूले पापको शासनलाई धपाएको हुन्छ। रोमी ६ अध्यायको १४पदको मूल सार यही थियो कि परमेश्वरको प्रतिज्ञाले गर्दा पापमाथि विजय प्राप्त गर्ने अबसर सबैलाई उपलब्ध गराइएको छ।

“व्यवस्थाको अधीन" भन्ने वाक्यलाई सिमितरूपमा हेर्नु मनासिव देखिँदैन। जो मानिस अनुग्रहको अधीनमा रहेको छु भनेर दावी गर्दछ तर परमेश्वरको व्यवस्थालाई पन्छाउँछ भने उसलाई अनुग्रहको प्रभाव हुँदैन। यसको फलस्वरूप परमेश्वरको न्याय उसको खिलाफमा खडा भएको उसले पाउँछ। यथार्थमा, “अनुग्रहको अधीन" भन्दा, पापीहरूको बिरुद्धमा खडाभएको

व्यवस्थाले ल्याउने इन्साफलाई परमेश्वरको अनुग्रहद्वारा येशूले हटाउनु भयो भन्ने जनाउँद्छ। परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञाको खिलाफमा जाँदा ल्याउने मृत्युको सजायँबाट हामी स्वतन्त्र हुन्छौं किनभने हामी अब नयाँ जीवनमा रहन्छौं। हाम्रा पुरानो स्वभावबाट मरिसकेका हुन्छौं भनेर नयाँ जीवनले देखाउँदछ। यसले गर्दा हामी अब पापको दासत्वबाट मुक्त हुन्छौं। (उदाहरणमा पावल एक जमानामा रिसाहा र हत्यारा थिए। उनले धेरै इसाईहरूको खिलाफमा लडेका थिए। तर जब उनले आफ्नो हृदय येशूलाई दिए तब "तिमीले हत्या नगर्नु" दश आज्ञाको एक सुत्र उनको निम्ति बोझ भएको थियो किनभने उनलाई थाहा थियो हत्या नगर्नु भन्ने आज्ञालाई नमानेर हत्या गर्दा उनी परमेश्वरको सामु दोषी भएर उभिनुको विकल्प थिएन। तर जब उनी येशूको अनुग्रहमा परे तब येशूले उनको सबै पाप तथा दोषहरूलाई हटाउनुभयो र उनी अनुग्रहको अधीनमा रहेको महसुस गर्न थाले। त्यहि अनुग्रहको अधीनमा रहदा उनी अब हत्या होइन येशूपछिको जीवनदान कसरी दिनुपर्छ र प्रेम कसरी गर्नुपर्छ भनेर प्रचार गर्ने प्रखर तथा शक्तिशाली प्रचारकको रूपमा खडा हुन पुगे, तब के उनी पूनः हत्यामा सरिक हुन गए त? अहँ, हत्या नगर्नु भन्ने आज्ञालाई उनले सहर्षसाथ पालन गर्न पुगेका थिए। यो आज्ञा उनको लागि अब बोझ नभएर अवसरको रूपमा खडा भए-अनुवादकको मन्तव्य) ।

**येशू ख्रीष्ट तपाईंको जीवनमा केवल कथा मात्र नभएर वास्तविक भएको कहिल्यै महसुस गर्नुभएको छ? के येशूको आनन्दले तपाईंको जीवन छोएको छ? तपाईंको जीवनमा येशूले कस्तो काम गर्नुभयो भन्ने केहि प्रमाण छ? तपाईंले कुन पक्षलाई अंगालीरहनुभएको छ जुन पक्ष तपाईंलाई थाहा छ त्यो पक्षलाई अंगालीरहनु अनुचित छ? येशूको अनुग्रहले त्यस अवगुण वा पक्षलाई हटाउनु किन आवश्यक छ?**

## ४. पापको स्वामित्वमा रहने कि परमेश्वरको आज्ञालाई शिरोपर गरेर हिँड्ने

**पावलले रोमी ६:१५,१६मा भन्दछन्: "अब के त? के हामी व्यवस्थाको अधीनमा छैनौं, तर अनुग्रहको अधीनमा छौं भनेर पाप गर्ने त? कदापि होइन। के तिमीहरू जान्दैनौं आज्ञाकारी दास वा सेवकको रूपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको दास वा सेवक पनि हुन्छौं?- कि त मृत्युतिर लाने पापको कमारा अर्थात् धार्मिकता**

**वा अनन्त जीवनतिर लाने आज्ञाकारिताको?" पावलले यहाँ के भन्न खोजीरहेका छन्? यहाँ स्पष्ट रूपमा उनले आफ्नो तर्कलाई कसरी प्रस्तुत गरेको पाउँद्छौं? हाम्रो जीवनमा मध्यम मार्ग भन्ने छैन, कुन बाटो रोज्नुपर्छ सो बाटो हाम्रो अगाडि खडा भएको छ त्यसलाई चुन्ने आत्मनिर्णयको अधिकार हामीलाई नै दिएको छ। हाम्रो मालिक वा स्वामी को हो भनेर हामीले चुन्नुपर्छ भन्ने पावलको स्पष्ट धारणालाई हामीले कसरी लिने?**

स्पष्टरूपमा भन्दा हामीले विश्वासद्वारा नयाँ जीवन पायौं भन्दैमा पापबाट अलग हुन हामीले सुरक्षित कवच लगाउन पुगेकाछौं भनेर पावलले भनेका छैनन्। हरदम पापले हामीलाई छोप्न खोजीरहेको हुन्छ भनेर पावलले औंल्याएको पनि पाउँछौं। तर विश्वासको जीवनले पापमाथि विजय हासिल गरेर जीउन सम्भव छ भनेर हामीलाई चुनौतिपनि दिएको पाउँछौं। परमेश्वरले प्रतिज्ञा गर्नुभएको विजयी जीवन केवल उहाँमा विश्वास अर्थात् आस्था राख्दामात्र पाउन सक्छौं।

पाप भनेको त्यो राजा हो जसले उसको अधीनमा रहेकोलाई शासन गर्छ भनेर पावलले व्याख्या गर्दछन् ।अनि पाप भनेको त्यो मालिक हो जसले जबरजस्ती आफ्ना दास तथा सेवकहरूलाई आदेश पालना गर्न लगाउँद्छ। कुन मालिकलाई हामीले रोज्ने भनेर पावलले हामीलाई औंल्याएका छन्। हामीले पापलाई रोज्न सक्छौं तर त्यसले मृत्युमा डोऱ्याउँछ। वा हामीले धार्मिकता वा धर्मपरायणता जसले हामीलाई अनन्त जीवनमा डोऱ्याउँछ। परमेश्वर र शैतानको बीचमा हिंडने मध्यम वा बीचको बाटो पावलले देखाएका छैनन्। अन्तमा, हामीले अनन्त जीवन वा अनन्त मृत्यु पाउने भएकोले ती दुई मध्य एक मार्गमा हिंड्न बाहेक अरू वैकल्पिक बाटो वा मध्यम मार्ग हाम्रो सामु नभएको बाइबलले औंल्याउँछ।

**पद १७ र १८ले पद १६लाई पावलले अझ कसरी स्पष्ट पारेको हामी पाउँद्छौं। हेर्नुहोस्ः "अब के त? के हामी व्यवस्थाको अधीनमा छैनौं, तर अनुग्रहको अधीनमा छौं भनेर पाप गर्ने त? कदापि होइन। १६ के तिमीहरू जान्दैनौ, आज्ञाकारी कमाराको रूपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारा पनि हुन्छौ? कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताको? १७ तर परमेश्वरलाई धन्यवाद होस्, कि तिमीहरू, जो एक पल्ट पापका कमारा थियौ अब जुन शिक्षाको नमूनामा तिमीहरू सुम्पिएका थियौ, त्यो हृदयले पालन गर्ने भएका छौ।**

**१८ तिमीहरू पापबाट मुक्त गराइएर धार्मिकताका कमारा बनेका छौ।" रोमी ६:१५-१८।**

आज्ञा पालन गर्नु र उचित शिक्षा-दीक्षालाई पावलले जोडेको रोचकपूर्ण छ। *"doctrine"* वा डक्ट्रिन भन्ने ग्रीक शब्दको अर्थ शिक्षा-दीक्षा हो। रोमका इसाईहरूले इसाई आस्थाका मौलिक सिद्धान्तहरू सिकेका थिए र तिनीहरू त्यसै अनुसार चलेका थिए। त्यसकारण, पावलको अनुसार, ठीक शिक्षा-दीक्षा अपनाउँदा रोमी इसाईहरू अब धार्मिकताको दास वा सेवक बन्न पुगेका छन् (पद १८)। हामीले प्रेम गऱ्यो भने भइहाल्छ नि, शिक्षा-दीक्षा त्यस्तो महत्व छैन भनेर कसैले सिकाउला। यस्तो धारणा राख्नु अति नै सरल छ तर अपनाउनुपर्ने धारणा त्यत्तिको सरल छैन। गलातीका चर्चका सदस्यहरूलाई कतिपय धर्मगुरुहरूले गलत शिक्षा-दीक्षा सिकाएका थिए। यसको फलस्वरूप धेरै इसाईहरूले धोका पाएर अलमल्लमा परेका थिए र तिनीहरूको पतन पनि भएको थियो। यस कुरालाई मध्य नजर राखेर पावलले रोमी इसाईहरूप्रति आफ्नो चासो व्यक्त गरेका थिए। त्यसकारण ठीक वा सत्य शिक्षा-दीक्षाबाट आत्मज्ञान बढाउनु अत्यन्त महत्वपूर्ण छ। यसबाट विचलित हुनबाट हामी हरहमेसा सतर्क हुनुपर्छ। (परमेश्वरको सत्य ज्ञानले सत्प्रेमलाई सिँगार्दछ)।

***पापका दास वा सेवक वा धार्मिकताको दास वा सेवकः*** **यी दुईको बीचको भिन्नता स्पष्ट छन्। यदि बप्तिस्मा पछि हामीले पाप गऱ्यौं भने के हामीले साँच्चिक्कै मुक्ति पाएका हुँदैनौं र? येशूको उपासक भएर पनि पापमा फस्न सक्छ भनेर यूहन्नाले १ यूहन्ना १:८-१०ले कसरी हामीलाई कसरी देखाइएको छ? हेर्नुहोस्: "८ यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन। ९ यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। १० यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी उहाँलाई झूटा तुल्याउँछौं, र उहाँको वचन हामीमा हुँदैन।"**

## ५. पापबाट स्वतन्त्रता

**अहिले सम्म रोमी ६लाई लिएर जुन अध्ययन गऱ्यौं त्यसलाई सोचेर अब बाँकी १९-२३ पनि पढ्नुहोस्। पावलले यहाँ के भन्न खोजिरहेका छन्,**

त्यसलाई तपाईंको आफ्नै शब्दहरूमा व्याख्या गर्नुहोस्। अझ सबभन्दा महत्वपूर्ण सत्य त, यी पदहरूमा व्यक्त गरेका अति महत्वपूर्ण ज्ञानलाई तपाईंको जीवनमा कसरी आत्मसात् गर्ने? यहाँ के विषयहरू तथा समस्याहरूलाई औंल्याइरहेकाछन् सो आफैलाई पनि सोध्नुहोस्? हेर्नुहोस्ः "१९ तिमीहरूमा रहेको मानवीय कमजोरीको कारणले म तिमीहरूले बुझ्न सकिने भाषामा बोलिरहेको छु। किनकि जसरी तिमीहरूले एक पल्ट आफ्ना अङ्गहरूलाई अशुद्धता र झन्-झन् बढ़ी अपराधका निम्ति समर्पण गर्‍यौ, अब त्यसरी नै पवित्रकरणको निम्ति आफ्ना अङ्गहरूलाई धार्मिकताको निम्ति समर्पण गर। २० तिमीहरू पापका कमारा भएको बेलामा चाहिँ धार्मिकताको लेखि स्वतन्त्र थियौ। २१ अब जुन कुराहरूमा तिमीहरू अहिले सर्माउँछौ, सो कुराहरूबाट तिमीहरूले के प्रतिफल पायौ? ती कुराहरूको अन्त्यचाहिँ मृत्यु हो। २२ तर अब तिमीहरू पापबाट मुक्त भई परमेश्वरका कमारा भएका छौ, अनि तिमीहरूले पाउने प्रतिफलचाहिँ पवित्रकरण हो, र त्यसको अन्त्यचाहिँ, अनन्त जीवन। २३ किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैंको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो।"

पुरुष, महिला र बालबालिकाहरूको पापी मानव स्वभावलाई पावलले राम्रोसँग बुझेका छन् भने यहाँ देखाइएको पाउँछौं। भौतिक शरीरको कम्जोरीपना र त्यसको पापपूर्ण अभिलाषाहरूलाई पावलले केलाइरहेको पाउँछौं। ग्रीक भाषाबाट निकालिएको "कम्जोरी" शब्द "अशक्तता" पनि हो। पतित मानव स्वभावलाई त्यसै छोडियो भने के गर्छ भन्ने कुरा पावललाई थाहा छ। त्यसकारण, पावलले फेरि पनि आत्मनिर्णयको अधिकारलाई औंल्याइएको पाउँछौं। यो अधिकार त्यो शक्ति हो जसले हाम्रो कम्जोर शरीरलाई नयाँ स्वामी येशूमा समर्पण गर्न हामीलाई सघाउँद्छ। अनि एकपल्ट हामीले येशूमार्गमा हिँडन निधो गर्‍यौं भने पवित्र धार्मिक जीवन यापन गर्न येशूले नै सघाउनुहुन्छ।

"पापको ज्याला मृत्यु हो" भनेर रोमी ६:२३को कथनलाई सम्पूर्ण इसाईहरूलाई थाहा छ। पाप भनेको परमेश्वरको आज्ञालाई तोड्नु हो। निश्चयनै कसैले पाप गर्छ भने त्यसले मृत्यु भोग्नै पर्छ। पापको ज्याला मृत्यु हो भन्ने ज्ञानलाई कसरी व्याख्या गरिएको छ भन्ने तथ्यलाई बुझ्न सम्पूर्ण रोमी ६ अध्याय बुझ्नु पर्दछ। पाप भनेको त्यो मालिक हो जसले आफ्ना दासहरूलाई नियन्त्रण गर्छ भनेर पावलले भन्दछन्। अनि आफ्नो बशमा

कसैलाई राख्न सफल भयो भने त्यो व्यक्तिलाई पापले छकाउन सक्दछ र अन्तमा उसलाई मृत्युको पासोमा पार्दछ।

पावलले उल्लेख गरेका दुई जना मालिकको प्रगतिशिल उदाहरणलाई फेरि हेरौं। एक जनाको सेवा गर्नु भनेको अर्कोबाट मुक्त हुनु हो भनेर पावलले देखाउद्छन्। यहाँ फेरि एकको विकल्प अर्को रोज्नु पर्छ भनेर हामी देख्छौं। मध्यम मार्ग छैन। फेरि याद गर्नुहोस्, पापको नियन्त्रणमा हामी छैनौं भन्दैमा हामी पापरहित भएको देखाउँदैन। यसको अर्थ यो होइन, हाम्रो स्वभावसँग हामी संघर्ष गर्दैनौं र पापमा पनि पर्दैनौं। तर यसको यथार्थ अर्थ यो हो, अब हामी जानाजानी पापको दासत्वमा छैनौं। यस संसारमा भएको पापको अस्तित्वलाई हामी नकार्दैनौं न त त्यसले हामीलाई पार्न खोजेको पासोलाई। तर यसको अर्थचाहिँ यो हो, कि हामीले हाम्रो दैनिक जीवनमा पापको प्रभावबाट विजय प्राप्त गर्न परमेश्वरको प्रतिज्ञालाई दावी गरि नै रहनुपर्दछ।

जसले पापको सेवा गरिरहन्छ त्यसको निम्ति यी पदहरूले तिनीहरूलाई पापको दासत्वबाट उम्किन पावलले जोडदार आह्वान गर्दछन्। लज्जास्पद कामहरू गरेको साटोमा हामीलाई निरंकुश पापले केहि दिँदैन, केवल मृत्यु। त्यसकारण, वुद्धिमानी मानिसले त्यस निरंकुश शासकबाट स्वतन्त्र हुन चाहना गर्नुपर्दछ। जब मानिस परमेश्वरको धार्मिक मार्गमा हिँड्छ तब उसले उचित र प्रशंसायोग्य कामहरू गर्दछ। आफूले मुक्ति पाउन ती कार्यहरू गर्दैन। बरू, नयाँ जीवन वा नयाँ अनुभवले गर्दा तिनीहरू असल र धर्मात्मा व्यक्ति बन्न पुग्छन्। यदि कसैले आफ्नै अथक प्रयासबाट मुक्ति पाउन खोज्छ भने सुसमाचारको मुख्य मनशायलाई गुमाइरहेको हुन्छ। यस खालका मानिसहरूले मुक्ति भनेको के हो त्यसको ज्ञान पाएको देखाउँदैन, न त येशूको आवश्यकता।

**उपसँहारः**

एलेन जी ह्वाइटको देहायका सामग्रीहरू पढ्नुहोस्ः *मेसेजेज टु योङ्ग पिपुल* पृ. १०५:१०६को “भिक्टोरी आप्रोप्रियटेड", *थतस् फ्रम द माउन्ट अभ ब्लेशिङ्ग,* पृ. ९३-९५को “द ट्रु मोटिभ इन सर्भिस", *टेस्टिमोनिज फर द चर्च,* ठेली ३, पृ. ३६५को “अपिल टु द योङ्ग," र र *द एसडिए कमेन्टरी,* ठेली ६को पृ. १०७४ र १०७५।

"पापमा फस्न येशूले पापसँग सम्झौता गर्नुभएन। उहाँ पाप गर्ने सोचमा नै पर्नुभएको थिएन। त्यही स्थिति हामीले पनि अङ्गाल्न सक्छौं। येशूको मानव स्वभावसँग दिव्य अर्थात् इस्वरीय स्वभाव एक भएर मिसिएको थियो। उहाँमा पवित्र आत्मा रहनुभएकोले कुनै पनि संघर्षसँग सामना गर्न उहाँ योग्य हुनुभएको थियो। अनि हामी पनि दैविक स्वभावसँग सहभागी हुन उहाँ आउनुभएको थियो। जब सम्म हामी उहाँमाथिको निष्ठा वा आस्थामा एक भएर बस्छौं तब पापले हामीलाई दमन गर्न सक्दैन। हामीमा भएको विश्वासको हातलाई परमेश्वरले समात्दै ख्रीष्टको ईस्वरत्वमा हामी रहन उहाँले अगुवाई गर्नुहुन्छ। त्यस प्रक्रियाद्वारा हामी येशूको सिद्ध चरित्रको तहमा पुग्न सक्छौं।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. १२३बाट रूपान्तरित।

"बप्तिस्माको समयमा हामीले शैतान र उसका दलाल दूतहरूसँग हाम्रो सबै सम्बन्ध तोड्ने र परमेश्वरको राज्यलाई फैलाउन हामीहरूको हृदय, दिमाग र आत्मालाई सुम्पन्ने सपथ खाएका थियौं।...शुद्ध भएको मानव औजारहरूसँग सहकार्य गर्न पिता, पुत्र र पवित्र आत्माले वचन दिनुभएको थियो।"-एलेन जी ह्वाइट, *द एसडिए बाइबल कमेन्टरी,* ठेली ६, पृ. १०७५बाट रूपान्तरित।

"इसाई हुँ भनेर दावीचाहीं गर्ने तर तिनीहरूको विश्वाससँग कामको तालमेल भएन भने त्यो दावीको केही अर्थ हुँदैन। कुनै पनि मानिसले दुई मालिकको सेवा गर्न सक्दैन। दुष्टका सन्तानहरू दुष्टको आज्ञा मानेर दास हुन तिनीहरू सुम्पन्छन् तिनीहरू परमेश्वरका सेवकहरू हुन सक्दैनन्। परमेश्वरको सेवक हुन चाहनेले शैतान र उसका सबै कामहरूदेखि अलग हुनै पर्छ। शैतानका सेवकहरू संलग्न भएर आनन्द मनाउने र मनोरञ्जन गर्ने चालचलनमा झट्ट हेर्दा हानी नहुने देखिएतापनि स्वर्गका राजाका सेवकहरूको निम्ति ती हानिकारक नै हुन जान्छन्। परमेश्वरलाई विश्वास नगरि दुष्ट जीवन बिताउनेहरूदेखि टाढा बसी उहाँको निम्ति शुद्ध हुन उहाँले अतिपवित्र र पवित्र सत्यहरू प्रकट गर्नुभएको छ। सेभेन्थ-डे एडभेन्टिस्टहरू हौं भनेर दावी गर्नेहरू आफ्नो विश्वास अनुसार जिउनुपर्छ।"-एलेन जी ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली १, पृ. ४०४बाट रूपान्तरित।

**चिन्तनमननः**

१. पापबाट बिजय हासिल गर्न धेरै अभूतपूर्व प्रतिज्ञाहरू परमेश्वरले हामीलाई दिनुभएको छ। साँच्चिक्कै भनौं भने हामी नयाँ गरि जन्मेका येशू भक्तहरूलाई यो थाहा छ हामी कति पतित भएका छौं, कति पापी छौं र हाम्रो हृदय कस्तो अधर्मी र खराब नियतले भरेको हुन्छ। येशूलाई विश्वास गरेतापनि उहाँमा पनि हिँड्नु र पापको पासोबाट नअलगिनु-के इसाई जीवन बाझा बाझको जीवन हो त?

२. प्रभु येशूले तपाईंको जीवनमा के गर्नुभयो भनेरविश्वासीहरूलाई बाँड्नुहोस्। साथै येशूमा नयाँ जीवन पाउनुभएकोले तपाईंको जीवनमा कस्तो बदलाउ ल्यायो भन्ने बिषयमा पनि चिन्तनमनन गर्नुहोस्।

३. हाम्रो मुक्ति केवल येशूले हामीलाई के गर्नुभयो त्यसमा मात्र भरपर्छ भन्ने ज्ञानलाई हरदम मध्यनजर गर्नु अति आवश्यक छ। तर मुक्तिको उपहार पाएपछि त्यसबाट हाम्रो जीवनशैलीमा पार्ने प्रभावलाई वेवास्ता गर्नु कतिको खतरा छ भन्ने कुरालाई हामीले बिर्सनुहुँदैन। मुक्तिको अनुभव गरेर उहाँको आत्मज्ञानमा बढ्दै जाँदा हामी उहाँको स्वरूपमा ढालिँदै जानेछौं भन्ने शुभ-समाचार अरूलाई सिकाउनु किन जरुरत छ त? मुक्ति भनेको केवल धर्मको लुगा लगाउने मात्र होइन तर त्यसबाट स्वतन्त्र भएर मानवहित कार्यक्रममा संलग्न हुनु र परमेश्वरको आचार सहिंतालाई शिरोपर गरेर उहाँको शक्तिले आफू परिचालित हुनु हो। यो ज्ञान बुझ्नु किन महत्वपूर्ण छ?

कथा ७

## चिहानमा हिंद्‌दै

## सुरायो खुड्‌जामकुलोभा, ३४ (ताजिकिस्तान)

किशोरी अवस्थामा सुरायोले आफ्नो साथीको अनुरोधमा दुई वर्षसम्म सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा आरधाना गरेकी थिइन्। उनी ताजिक्सटामा रहन्थिन्। जब उनी १८ वर्षकी भइन् तब उनले चर्च जान छोडिन् र परमेश्वरको बारेमा बिर्सिन थालिन्। उनी नर्स पेशामा जान तालिम लिन थालिन्। अनि उनले बिबाह गरिन्। तर उनले आशा गरेको अनुसार उनको विवाह खुशीपूर्ण थिएन। उनको श्रीमानले जुवा खेल्थ्यो र लागु पदार्थ खान्थ्यो। आफ्नो श्रीमानबाट उनले बारम्बार पिटाइ सहनुपर्थ्यो।

दिग्दारी जीवन बिताइरहेकी सुरायोले धेरै वर्ष अघि उनको साथीले दिएको बाइबल भेट्टाइन् र यताउता पान पल्टाउन थालिन्। उनको आँखा यशैया ५ः४मा पऱ्यो। यो पद उनले धेरै पल्ट पढिन्। यसमा लेखिएको थियो, "मैले मेरो बगैचामा गर्न सक्ने सबै गरें र त्यो भन्दा अझ कति गर्न सक्छु। तर असल अङ्गुरहरूको अपेक्षा गरेको सट्टा किन जङ्गली अङ्गुरहरू त्यसबाट निस्के?" (रूपान्तरित)।

उनको आँखा आँसुले भरियो। परमेश्वरले तयार गर्नुभएको बगैंचामा उनी थिइन् भन्ने उनलाई अनुभव भयो। तर उनले परमेश्वरलाई वेवास्ता गरेकी थिइन्। अनि उनले प्रार्थना गरिन्, "हे प्रभु, यदि तपाईंले मेरो श्रीमानसँग रहेको चाहनुहुन्छ भने मलाई उनको पिटाइबाट छोडाउनुहोस् वा तपाईंलाई नै सँगै मिलेर आराधना गर्न हामीलाई सहायता गर्नुहोस्। यदि मेरो श्रीमान्लाई मैले छोडेको चाहनुहुन्छ भने शान्तपूर्वक छोडाउनुहोस्। तपाईंले जे भन्नुहुन्छ सो म गर्नेछु।

प्रार्थना गरेको केही समयपछि आफ्नो श्रीमानलाई उनले भनिन्, "तपाईंलाई भन्दा म अरू कसैलाई धेरै प्रेम गर्छु। उहाँ मेरो धेरै नजिक हुनुहुन्छ।" अनि बीचैमा श्रीमानले भने, "मलाई थाहा छ कि मभन्दा तिमीले अरू कसैलाई धेरै माया गर्छौं।" "मैले यो भन्न खोजेको होइन। म येशूलाई प्रेम गर्छु। तपाईंले पनि उहाँलाई प्रेम गरेको चाहन्छु।" साहस बटुलेर उनले सो कुरा भनिन्।

"तिमीले मुहम्मदलाई प्रेम गर्नुपर्छ। उहाँ हाम्रो अगमवक्ता हुनुहुन्छ येशू होइन।" श्रीमान्ले भने।

"को अगमवक्ता हो भन्ने कुराको बिषय होइन। येशू केवल अगमवक्तामात्र होइन। उहाँ हाम्रो मुक्तिको बाटो हुनुहुन्छ।" सुरायोले भनिन्।

## खतरापूर्ण निर्णय

केही दिनपछि सुरायोको श्रीमान लागुपदार्थ खाएर मातेको थियो। जुवामा उसले धेरै पैसा हारेको थियो। ऋण तिरेर लाजमा पर्नुको सट्टा जेलमा जाने उसले निर्णय गर्‍यो। अनि सुरायोलाई पनि मार्न उसले निर्णय गर्‍यो। एकदिन बेलुकी इभिनिङ वाकमा हिँड्न उनलाई बोलायो। जुन टल्किरहेको थियो। तिनीहरू कहाँ हिँडिरहेका थिए सो सुरायोलाई थाहा थिएन। अचानक तिनीहरू चिहानतिर हिँडिरहेको तिनले थाहा पाइन्। उनको घाँटीमा केही तिखो बस्तु प्रहार भएको थाहा पाइन्। उनको श्रीमान्ले उनलाई घाँटी रेटेर मार्न खोजेको थियो।

उसको हात समातेर सुरायोले भनिन्, "मलाई किन मार्न खोजेको? मेरो निम्ति तिमी जेल जानु राम्रो हुनेछैन।" ती दुई दम्पत्ती बीच कुस्ताकुस्ती पर्‍यो। सुरायोका औंलाहरूमा चक्कले घोच्यो। "प्रभु येशू मलाई बचाउनुहोस्। मलाई मार्नबाट रोक्नुहोस्!" भनेर कराइन्। अनि उनी बेहोस भइन्।केही घन्टापछि उनी आफ्नै ओछ्यानमा भेट्टाइन्। उनलाई आफैले घर ल्याएको भनेर उनको श्रीमानले भन्यो।

सुरायोले तुरुन्तै भनिन् कि अबदेखि ऊसँग आफू रहन सक्दैन। श्रीमानले केही विवाद नगरि मञ्जुर गर्‍यो। दुवै जना दम्पत्ति आआफ्नै बाटो लागे। श्रीमान्बाट शान्तपूर्वक छोडपत्र पाए येशूको पछि लाग्ने भनेर वचन दिएको केही हप्ता भएको थियो। तर त्यो वचन उनले बिर्सिन्।

सुरायोले एउटा कोठा भाँडामा लिइन् र अस्पतालमा रातीको समयमा नर्स काम गर्न थालिन्। अनि उनलाई परमेश्वरसँग गरिएको वाचाको याद आयो। उनले प्रार्थना गरिन्, "प्रभु यदि तपाईंको पछि लागेको तपाईं चाहनुहुन्छ भने कुनचाहीँ चर्चमा म जाने सो देखाइदिनुहोस्। कुनचाहीँ चर्चले बाइबलका सत्य कुराहरूलाई सिकाउँछ र तपाईं त्यहाँ हुनुहुन्छ भनेर म महसुस गर्न सक्छु सो देखाइदिनुहोस्।"

## गलत बसमा चढ्छिन्

एक दिन शनिवार रातभरिको ड्युटी पछि अस्पतालबाट बाहिर आइन् र आफ्नो कोठामा जान बस चढिन्। तर त्यो गलत बस थियो। बसको अन्तिम स्टपमा पुगेपछिमात्र आफू गलत बसमा चढेको भनेर उनलाई थाहा भयो। आफू कहाँ छु भनेर उनले यताउति हेर्न थालिन्। अनि उनले अगाडि एउटा एडभेन्टिस्ट भवन देखिन्। उनी थाहै नपाई अर्कै बसमा चढेको महसुस त गरिन् तर परमेश्वरले नै उनलाई त्यहाँ ल्याउनु भएको थियो भनेर स्वीकार गरिन्। त्यहाँ एडभेन्टिस्टहरूले परमेश्वरको आराधना गर्दै थिए।

त्यो साबथको बिहान थियो र आराधना सेवा सुरू हुनै लागेको थियो। उनी चर्चभित्र गइन् र त्यही परमेश्वरले उनलाई चाहनुभएको रहेछ भन्ने महसुस गरिन्। त्यस चर्चमा जानबाट उनले कहिल्यै पनि छोडिनन्। ताजिकिस्तानको बारेमा केही जानकारीः यो मध्य एशियाको पहाडी देश हो। त्यहाँ ८०लाख जति जनसंख्या छन्। तिनीहरू पर्सियन भाषा बोल्छन्। तिनीहरू सोभियत युनियनको अधिकारमा ७० वर्षसम्म रहेका थिए। त्यसले गर्दा तिनीहरूले रसियन भाषा पनि बोल्छन्। त्यहाँ २४० जना जति एडभेन्टिस्टहरू छन्। तिनीहरूको राष्ट्रिय खेल एक किसिमको कुस्ती हो जसलाई गुश्टिगिरी भनिन्छ।